फोहोरमैला व्यवस्थापन तथा सरसफाई कार्यविधि, २०८१

कार्यपालिकाबाट स्वीकृत मितिः २०८१।०७।०६

प्रमाणीकरण मिति :२०८१।०७।२९

प्रस्तावनाः चाँगुनारायण नगरपालिकामा तीव्र रुपमा बढी रहेको जनसंख्या तथा अव्यवस्थित शहरीकरणका कारण शहरी क्षेत्रको फोहर ब्यवस्थापन चुनोतीपूर्ण हुँदै गएको छ । जसको परिणामस्वरुप पर्यावरणीय क्षयीकरणका कारण प्रदुषण तथा प्राकृतिक तथा सांस्कृतिक सम्पदाहरु समेत बिनासको जोखिममा रहेका छन् । सार्वजनिक स्थानहरु जस्तै नदी किनारहरु, सडक किनारा, शिक्षण संस्थाहरु ब्यापारिक तथा औद्योगिक प्रतिष्ठानहरु तथा निजिघर परिसरहरुमा खुल्ला फोहर फाल्ने कार्यले सामाजिक क्षेत्रमा नकारात्मक परिणामहरु ल्याउनुका साथै मानव स्वास्थ्यमा समेत गम्भिर असर पार्ने खतरा बढ्दै गएको हुँदा फोहोरमैलालाई स्रोतमा न्यूनीकरण पुनः प्रयोग प्रशोधन वा बिसर्जन गरि उचित ब्यवस्थापन गर्न बाञ्छनीय भएकोले,

चाँगुनारायण नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०८० को दफा ३ ले दिएको अधिकार प्रयोग गरि नगरकार्यपालिकाले यो कार्यविधि बनाएको छ।

परिच्छेद-१

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः यो कार्यबिधिको नाम फोहोरमैला ब्यवस्थापन तथा सरसफाई कार्यबिधि, २०८१ रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त लागु हुनेछ ।

२. परिभाषाः बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो कार्यविधिमा,

(क) "प्रदुषण" भन्नाले फोहोरमैलाबाट निस्कने ठोस तरल वा ग्यास बस्तुको संयोजनबाट प्रत्यक्ष वा अप्रत्यक्ष रुपले नकार्त्मक प्रभाव परि वातावरणमा उल्लेखनीय ह्रास ल्याउने क्षति पुर्यायने वा वातावरणको लाभदायी वा उपयोगी प्रयोजनमा हानी नोक्सानी पुर्याउने क्रियाकलाप सम्झनु पर्दछ ।

(ख) "प्रशोधन" भन्नाले फोहोरमैलाको रुप वा गुणमा परिवर्तन गरि अन्य कुनै उपयोगी बस्तु तयार गर्ने मल ग्यास उर्जा वा अन्य बस्तु उत्पादन गरि फोहोरमैलाको ब्यवस्थापन गर्ने प्रक्रिया सम्झनु पर्दछ।

जीवन खत्री

(ग) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नगरपालिकाको प्रशासकीय प्रमुखको रुपमा नेपाल सरकारबाट नियुक्त कर्मचारीलाई सम्झनु पर्छ ।

(घ) "वडा" भन्नाले चाँगुनारायण नगरपालिकाको वडा सम्झनुपर्दछ ।

(ङ) "कार्यालय" भन्नाले नगरपालिकाको कार्यालय सम्झनुपर्छ र यो शब्दले नगरपालिकाको प्रशासनिक संगठनात्मक स्वरुपको रुपमा स्थापना गरिएको वडा कार्यालय समेतलाई बुझाउँदछ ।

(च) "शाखा" भन्नाले नगरपालिकाको सरसफाई तथा फोहोरमैला व्यवस्थापन सम्बन्धी शाखालाई सम्झनुपर्छ।

(छ) "विसर्जन" भन्नाले फोहोरमैलाको अन्तिम निष्काशन तथा व्यवस्थापन सम्झनु पर्दछ ।

(ज) "संस्था" भन्नाले नियमानुसार सम्बन्धित निकायमा दर्ता भइ फोहोरमैला संकलन तथा प्रशोधनको क्षेत्रमा काम गरी रहेको निजि क्षेत्रको कम्पनि वा प्रा.लि लाई सम्झनु पर्दछ।

परिच्छेद-२
संस्था छनौट विधि र प्रक्रिया

३. **फोहोरमैला व्यवस्थापन तथा सरसफाईका लागि संस्थाको छनौट गर्ने विधि र प्रक्रिया** : (१) नगरपालिका क्षेत्रभित्र फोहोरमैला संकलन तथा व्यवस्थापनका लागि संस्था छनौट गर्दा राष्ट्रिय दैनिक पत्रिकामा कम्तिमा १५ दिनको सूचना दिई खुल्ला रुपमा आर्थिक र प्राविधिक प्रस्ताव आव्हान गर्नु पर्नेछ ।

(२) प्रस्ताव आव्हान गर्दा बढीमा ७ वर्षसम्मका लागि समय सिमा निर्धारण गरी दफा ६ बमोजिमको अनुभव तथा प्राविधिक र मानवीय श्रोतको आधारमा पुर्व योग्यता निर्धारण गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्रकाशित सूचना बमोजिम पेश हुन आएका प्राविधिक र आर्थिक प्रस्ताव मुल्यांकनका लागि कार्यकारी अधिकृतले मुल्यांकन समिति गठन गर्नुपर्नेछ।

(४) मुल्यांकन समितिले पहिला प्राविधिक प्रस्ताव खोलि सोको मुल्यांकन गर्नु पर्नेछ र प्राविधिक प्रस्तावमा उतिर्ण भएका संस्थाहरुको मात्र आर्थिक प्रस्ताव खोलि मुल्यांकन गर्नु पर्नेछ। प्रस्ताव मुल्यांकन सम्बन्धी यस व्यवस्थालाई सूचनामा समेत अनिवार्य रुपमा प्रकाशित गर्नु पर्नेछ ।

(५) उपदफा (२) बमोजिम सूचना प्रकाशन गर्दा ५ (पाँच) वर्ष भन्दा कम अवधिका लागि प्रकाशित गरी सम्बन्धित संस्थासंग कार्य सम्झौता गरिएको अवास्थामा संस्थाको कार्य

जीवन खत्री
नगर प्रमुख

सन्तोषजनक भएको खण्डमा ५ वर्ष अवधि ननाघ्ने गरी कार्यपालिकाको निर्णयबाट म्याद थप गर्न सकिनेछ ।

(६) उपदफा (५) बमोजिम म्याद थप गर्दा संस्थाको तर्फाबाट कबोल गरिएको बार्षिक रोयल्टीमा प्रति वर्ष २० प्रतिशतका दरले थप गर्न मन्जुर रहेको लिखित निवेदन तथा म्याद थप गरिने अवधिको कार्य योजना पेश गर्नु पर्नेछ ।

(७) यो कार्यविधि लागू भए पश्चात तत्काल संस्था छनौटको प्रक्रिया पुरा गर्न बाधा परेको खण्डमा बढीमा २ वर्षका लागि कार्यपालिकाबाट निर्णय गरी फोहोरमैलाको क्षेत्रमा कार्य गरेको कुनै संस्थालाई कार्य जिम्मेवारी प्रदान गर्न सकिनेछ । तर २ वर्ष भित्रमा अनिवार्य रुपमा खुल्ला प्रस्ताव माग गरी संस्था छनौट गर्नु पर्नेछ ।

(८) नगरपाला भित्र फोहोरमैला संकलन तथा व्यवस्थापन गर्न यस नगरपालिका भित्र दर्ता भएका र दफा ६ बमोजिम प्राविधिक र मानवीय स्रोत साधान र अनुभव भएका संस्था एवं फोहोरमैला व्यवस्थापनमा नवीनत्तम प्रविधि प्रयोग गर्ने संस्थालाई प्राथमिकता दिईनेछ ।

४. <u>सरसफाई तथा फोहोरमैला व्यवस्थापनको लागि छनौट भएका संस्थाहरुको प्रमुख कार्यहरु:</u>

(१) चेतनामुलक कार्यक्रमहरु सञ्चालन गरी समुदायलाई फोहोरमैला व्यवस्थापन क्रियाकलापमा सक्रिय सहभागी गराउने ।

(२) विभिन्न प्रकारका फोहोरहरुलाई घर तथा सामुदायिक स्तरमै कम्पोष्ट बनाउने तथा पुनर्चक्रिय प्रयोगलाई प्रवर्द्धन गर्ने ।

(३) पर्यावरण संरक्षण तथा सरसफाई तथा फोहोरमैला व्यवस्थापनको अनुसन्धान कार्यक्रमहरु नविनतम तरीकाले संचालन तथा प्रवर्द्धन गर्ने ।

(४) विभिन्न नविनतम तरीकाको माध्यमबाट फोहोर व्यवस्थापनको लागि समुदायको क्षमता वृद्धि गर्ने ।

(५) वृक्षारोपण, जैविक खेती, कौसी खेती जस्ता कार्यहरु संचालन र प्रवर्द्धन गर्ने ।

(६) फोहोरमैला व्यवस्थापनको क्षेत्रमा रोजगारीका अवसरहरु सृजना गर्ने ।

(७) प्रतिवेदन, पुस्तकहरु, शैक्षिक तथा जानकारीमूलक सामग्रीहरुको माध्यामबाट प्रचार प्रसार गर्ने ।

(८) हरेक वडामा नर्सरी संचालन गर्न समुदायलाई अभिप्रेरित गर्ने ।

जीवन खत्री
नगर प्रमुख

(९) जागरणका लागि शाखाको र साझेदार निकायको समन्वय र वडाकार्यालयको अगुवाईमा विद्यालय, स्वास्थ्य संस्था, सामाजिक संघसंस्थाहरु तथा टोल सुधार समितिहरुलाई परिचालन गर्ने ।

(१०) घर कम्पाउण्डबाट फोहोर मैला संकलन तथा व्यवस्थापन सम्बन्धी सेवा विस्तार गरी नगरपालिकाका सबै क्षेत्रमा विस्तार गर्ने ।

(११) फोहोर मैला संकलनको प्रभावकारिता वृद्धि गरी आफ्ना कार्यक्षेत्रको सडक किनाराको सौन्दर्यता अभिभवृद्धिका साथै हरित सडकको अवधारणा कार्यान्वयन गर्ने।

(१२) सरसफाई र फोहोर मैला व्यवस्थापन सम्बन्धमा मानिसहरुको व्यवहार तथा प्रवृत्तिमा परिवर्तन ल्याउने ।

(१३) फोहरमैलाको उत्पादनलाई श्रोतमै कमी गराउने, छुटयाईएको फोहरलाई घर-घरमै कम्पोष्ट बनाउन प्रोत्साहन गर्ने र सामुदायिक कम्पोष्ट प्लान्टको समेत स्थापना गरी सञ्चालन गर्ने, कम्पोष्ट उत्पादनलाई स्थानीय कृषकहरुसम्म पुर्याउन सहजीकरण गर्ने।

परिच्छेद -३
सरसफाई तथा फाहोरमैला व्यबस्थापन

५. **सरसफाई तथा फाहोरमैला व्यबस्थापनको कार्यक्षेत्र:** (१) सरसफाई तथा फोहोरमैला व्यवस्थापनको नगरपालिकाको वडा नं १ देखि वडा नं ९ सम्मका सम्पूर्ण क्षेत्रलाई कार्यक्षेत्रको रुपमा लिनुपर्दछ ।

६. **फोहोरमैला व्यवस्थापनको लागि छनौट गर्ने संस्थाको अनुभव र संसाधनहरु** : (१) फोहरमैला व्यवस्थापन, प्रदुषण नियन्त्रणा सरसफाई तथा वातावरणीय सुधारको क्षेत्रमा कार्यरत रही कम्तिमा २ (दुई) वर्षको अनुभव भएको संस्थासंग सहकार्य गरिने छ । संस्थाको व्यवस्थापनसँग फोहरमैला व्यवस्थापनका लागि कम्तिमा निम्न संख्यामा संशाधन रहेको हुनुपर्नेछ :

क. मानवशक्तिः ३५ जना

ख. व्याकहो लोडर (डोजर): १ थान

ग. हेभी टिपर २ थान

घ. घरदैलो संकलनमा प्रयोग हुने मझौला ट्रिपर : ३ थान

ङ. घरदैलो संकलनमा प्रयोग हुने साना ट्रक ५ थान

च. ट्याक्टर /पिकअप भ्यान : ३ थान

छ. रिक्सा : १० थान

जीवन खत्री
नगर प्रमुख

ज. नगरपालिकाले निर्धारण गरे बमोजिमका फोहोरमैला व्यवस्थापन सँग सम्बन्धित अन्य आवश्यक संख्यामा औजार तथा उपकरणहरु ।

७. <u>फोहोरमैला व्यवस्थापनका लागि कार्यान्वयन विधिः</u> स्थानीय सरकार संचालन ऐन, २०७४, फाहोरमैला व्यवस्थापन ऐन, २०६८, वातावरण संरक्षण ऐन, २०५३ लगायत अन्य सम्बन्धित ऐन समेतका आधारमा चाँगुनारायण नगरपालिका क्षेत्रभित्र सरसफाई तथा फोहोरमैला व्यवस्थापनलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न अपनाउनु पर्ने विधि र प्रक्रिया देहाय बमोजिम हुनेछ ।

(१) फोहोरमैला संकलन, ढुवानी र व्यवस्थापन घर, पसल, होटल, रेष्टुरेण्ट, विद्यालय, कलकारखानाबाट निस्किने फोहोरलाई उत्पादनस्थलबाटै उठाई समुचित व्यवस्थापन गर्ने ।

(२) सडक तथा सार्वजनिक स्थलहरुको सरसफाई कार्यक्षेत्र भित्र पर्ने सडक, गल्ली, खोला किनार, चउर, मन्दिर, पाटी जस्ता सार्वजनिक स्थलहरु सफा राख्ने, राख्न लगाउने ।

(३) जनचेतना अभिवृद्धि र तालिम गोष्ठी, अन्तरक्रिया, प्याली, माईकिङ्, जस्ता जनचेतना अभिवृद्धिका कार्यक्रम र तालिमहरु संचालन गरी टोलबासीहरुलाई स्थानीय सरसफाई कार्यमा उत्प्रेरित र क्रियाशील बनाउने ।

(४) ल्याण्डफिल क्षेत्र र कम्पोष्ट क्षेत्र वरिपरि तथा सम्भावित सार्वजनिक स्थलहरुमा समेत उपयुक्त जातका रुख बिरुवाहरु र फूलहरु रोपी हरियाली विकास गर्दै नगरको सौन्दयता विकास गर्ने।

(५) फोहरमैला वर्गीकरण जैविक र अजैविक फोहरमैला अलग अलग राख्ने कार्यलाई पूर्ण व्यवहारिक बनाई पुनः चक्रिय प्रयोगलाई प्रोत्साहित गर्ने ।

(६) कार्यक्षेत्रलाई प्लाष्टिकरहित बनाउनको लागि शहरी क्षेत्रका सबै घरमा सुईरो वितरण गरी सुईरोमा संकलित प्लाष्टिकको पुनःप्रयोग अभियान सञ्चालन गर्ने ।

(७) जैविक फोहरबाट समुदायस्तरमा स्तरीय कम्पोष्ट मल बनाउने तथा फोहोरको पुनःप्रयोगका लागि ईच्छुक परिवारका सदस्यलाई ज्ञान सीप उपलब्ध गराई घरघरमा समेत कम्पोष्ट उत्पादन गर्न प्रोत्साहित गर्ने ।

(८) सफा शहर सबैको रहर अभियानको रुपमा संचालन गर्ने ।

(९) नगरक्षेत्र भित्रको फोहोरमैला व्यवस्थापन र सरसफाईलाई प्रभावकारी बनाउन सामाजिक संघ संस्था, स्थानीय क्लवहरु, गैरसरकारी क्षेत्र, नीजि क्षेत्र र अन्य

जीवन खत्री
नगर प्रमुख

सरोकारवाला सबैलाई परिचालन गरी सरसफाई तथा फोहोरमैला व्यवस्थापनमा नमुना नगरको रुपमा स्थापित गर्न अभियान संचालन गर्ने ।

(१०) शून्य फाहोरको अवधारणा अनुरुप अगाडी बढ्ने ।

(११) वातावरणमा नकरात्मक असर पार्ने तोकिएको मापदण्ड नपुगेका प्लाष्टिक विकी वितरण र प्रयोग नगर्ने, नगराउने ।

(१२) आफ्नो टोल भित्रको सार्वजनिक क्षेत्र (जस्तै सडक, नाला, गल्ली, फुटपाथ, खोला, नदी, बगर, नहर, खेत, बारी, कान्ला, वन, तथा चौर आदी) मा प्लाष्टिक, सड्ने तथा नसड्ने खालका फोहोर एवं खुला दिसा (मान्छे तथा कुकुरको नरहने अवस्था हुनु पर्दछ ।

(१३) टोल सुधार समिति वा समुदायका सदस्यहरुले फाहोरमैला व्यवस्थापनका लागि तोकिएको संस्थासंगको समन्वयमा वडा कार्यालय समेतलाई सूचना गरी कम्तिमा महिनाको एक पटक आफ्नो समुदायको क्षेत्रभित्र सामूहिक रुपमा सरसफाई अभियान संचालन गर्ने छन् । त्यस्तो संचालित अभियानको अभिलेख अनिवार्य रुपमा वडा कार्यालय र फाहोरमैला व्यवस्थापनमा खटिएको संस्थाले राख्ने छ ।

(१४) प्रत्येक घरले आफ्नो घर आँगन सफा राख्ने र राख्न लगाउनु पर्ने छ । आफ्नो आंगन बाहिरको घरको क्षेत्रसंगै रहेको सडक समेत नियमित रुपमा सरसफाई गर्नु गराउनु पर्दछ ।

(१५) घरक बाट निष्कासन हुने फोहोर सडक, पेटी र सार्वजनिक स्थल जस्ता स्थानमा जम्मा नगरी सिधै फोहोर संकलन गर्न आउने सवारी साधनमा राख्ने, राख्न लगाउने ।

८. <u>फोहरमैला व्यवस्थापनका लागि नगरपालिकाको भूमिका :</u> (१) ल्याण्डफिलिङ्ग र कम्पोष्ट प्लान्टका लागि उपयुक्त स्थानमा जग्गा पहिचान गरी निर्धारण गर्ने ।

(२) सार्वजनिक स्थलमा फोहरमैला फ्याक्न नपाउने र फोहोर गरेमा हुने सजाय सहितको सूचना जारी गर्ने ।

(३) हाल नगरपालिकाको सरसफाई कार्यमा परिचालित, साधनको प्रभावकरी उपयोग गर्ने ।

(४) नगरपालिकामा रहेका दुबी साधनलाई साझेदारीमा कार्य गर्दाका बखत आपसी सहमतिबाट परिचालन गर्ने ।

जीवन खत्री
नगर प्रमुख

(५) तत्कालको व्यवस्थापनका लागि साझेदारीको अवधारणा अनुरुप कार्य गर्दा आपसी छलफलबाट निक्यौल गरिए अनुसार प्रक्रिया अगाडी बढाउने । दीर्घकालिन समाधानका लागि अध्ययन गरी नगरपालिकाले आवश्यक प्रक्रिया अगाडी बढाउने छ ।

(६) सम्पादित कामको अनुगमन तथा मूल्यांकनबाट प्राप्त पृष्ठपोषणका आधारमा आवश्यक सुधारात्मक उपाय अपनाउने ।

(७) समय समयमा निर्देशन दिई सरसफाई तथा फोहोरमैला व्यवस्थापनलाई सहज बनाउन आवश्यक भूमिका वहन गर्ने ।

(८) सूचनालाई अटेर गरी अनधिकृत रुपमा फोहरमैला फ्याक्नेलाई फोहरमैला व्यवस्थापन ऐन २०६८ बमोजिम दण्ड र फोहरमैला संकलन तथा व्यवस्थापनमा सहयोग गर्ने व्यक्ति/संघ संस्थालाई प्रोत्साहन (पुरस्कार) को व्यवस्था गर्ने ।

(९) घरदैलो फोहरमैला संकलनको सेवा वापत सदस्यता अनिवार्य लिनुपर्ने गरी वडा कार्यालयले आवश्यक सहजीकरण गर्नेछ ।

(१०) प्रत्येक वडामा वडा कार्यालयको अगुवाई र संलग्न साझेदार वा जिम्मेवार संघसंस्थाको समन्वयमा वार्ड लगत समेत संकलन गरी सरसफाई तथा फोहोरमैला व्यवस्थापन सम्बन्धी जागरण ल्याउने कार्यक्रमहरु संचालन गर्ने ।

(११) नगरपालिका क्षेत्रभित्र सरसफाई तथा फाहोरमैला व्यवस्थापनको तत्कालिन व्यवस्थापन गर्न साझेदार निकाय संग कार्य गर्दा पर्याप्त साधन जनशक्ति, उपत्यकाको फाहोर ब्वयस्थापन गर्न तोकिएको ल्यान्डफिल्ड साईट सम्मको पहुँच, फोहोर ब्वस्थापन र सरसफाईमा दक्षता भएको फर्म वा संघ संस्थासंग गरिनेछ ।

९. <u>फोहरमैला व्यवस्थापनमा समुदायको जिम्मेवारीः</u> (१) कुनै पनि सार्वजनिक स्थानमा फोहरमैला नफ्याक्ने, फ्याँक्न नदिने ।

(२) भान्छा भान्छाबाटै फोहर वर्गीकरण गर्ने/गराउने ।

(३) घरको फोहोरलाई घरमै व्यवस्थित गर्न नगरपालिकाबाट चालिएको अभियानलाई सहयोग गर्ने।

(४) फोहोरमैला सरसफाई तथा व्यवस्थापनमा संलग्न भएका जिम्मेवार निकायको कार्य प्रभावकारी नभएमा वा तुरुन्त वडा कार्यालयमा सम्पर्क गरी सूचना दिने ।

(५) समय समयमा वडा कार्यालयले दिएको सूचना बमोजिमका कार्य गर्ने ।

(६) फोहर संकलनमा खटिई आउने ढुवानी साधनमा फोहरमैला उपलब्ध गराउने ।

(७) तोकिए बमोजिमको सदस्यता कार्ड लिई मासिक रकम भुक्तानी गर्ने ।

जीवन खत्री
नगर प्रमुख

(८) सरसफाई तथा फोहोरमैला व्यवस्थापन सम्बन्धी सार्वजनिक कार्यक्रममा अनिवार्य सहभागी हुने र अरुलाई पनि सहभागी हुन आव्हान गर्ने ।

(९) नगरपालिकाले बेलाबेलामा प्रकाशित गरेको सूचनाहरुको पालना गर्ने ।

१०. **फोहरमैला व्यवस्थापनको जिम्मेवारी पाउने संस्थाको वा साझेदार निकायको दायित्व :** (१) कार्यान्वयनकर्ताको रुपमा साझेदार निकायले फाहोर उत्सर्जनको अवस्था हेरी शहरी क्षेत्रमा कम्तिमा हप्ताको दुई पटक र ग्रामिण क्षेत्रमा कम्तिमा हप्ताको एक पटक फोहोर संकलन सम्बन्धी कार्य गर्नेछ ।

(२) फाहोर संकलन गरी प्रशोधन केन्द्रसम्म लैजादा फोहोर बोक्ने साधन ढाकिएको अवस्थामा हुनु पर्नेछ ।

(३) वडाकार्यालयको अगुवाईमा सरसफाई तथा फोहोरमैला व्यवस्थापन सम्बन्धी कार्यको समन्वय गरी संचालन गर्नुपर्ने छ ।

(४) फोहोरलाई स्रोतमै बर्गीकरण गरी घर घरमा व्यवस्थापन हुने तौर तरिकाहरु समुदाय तथा घर घर मा सिकउनु पर्ने छ ।

(५) सम्पादित कार्यको प्रभावकारिताको अनुगमन तथा मूल्यांकन गर्दा प्राप्त पृष्ठपोषणका आधारमा वडा कार्यालय र नगरपालिकाले समय समयमा दिएको निर्देशनको पूर्ण पालना गर्नुपर्नेछ ।

(६) प्रशोधन केन्द्रमा लामो समय फोहोर नराखी सम्बन्धित विसर्जन स्थलसम्म शीघ्र पुर्‍याउनु पर्दछ ।

(७) सरसफाई तथा फाहोरमैला व्यवस्थापनमा भएको दक्षताको पूर्ण प्रयोग गरी नगरपालिकालाई सरसफाई तथा फोहोरमैला व्यवस्थापन भएको अग्रणी नगर बनाउने अभियानमा सघाउनु पर्नेछ ।

(८) सार्वजनिक स्थलमा देखिएको फोहोरलाई अविलम्ब हटाई त्यस्तो स्थानमा फोहोर गर्ने व्यक्ति वा संस्थालाई आवश्यक कारवाहीका लागि नगरपालिकामा यकिन प्रतिवेदन सहित पेश गर्नुपर्ने छ ।

(९) सार्वजनिक क्षेत्रका स्थलहरु सधै फोहर रहित हुनुपर्ने छ ।

(१०) नगरवासीहरु फोहर व्यवस्थापनका लागि जिम्मेवार छन् भन्ने सन्देश प्रवाह हुनेगरी कार्य संचालन गर्नु पर्नेछ ।

(११) वोटविरुवा लगाई घर तथा सडक हरियालीयुक्त बनाउन नगरपालिकाको अभियानलाई सफल बनाउन आवश्यक सहयोग गर्नुपर्ने छ ।

जीवन खत्री
नगर प्रमुख

११. **सरसफाई तथा फोहोर व्यवस्थापन शुल्कः** (१) यस कार्यविधि अन्तर्गत सरसफाई तथा फोहरमैला व्यवस्थापन गर्दा सेवाग्राहीहरुले अनुसूची -१ बमोजिमको सेवा शुल्क तिर्नुपर्नेछ।

१२. **शुल्क सम्बन्धी अन्य व्यवस्था :** (१) अनुसूची -१ मा उल्लेख भएको भन्दा अन्यको हकमा फाहोर उत्सर्जन मात्राको आधारमा साझेदार संस्था र सेवाग्राहीबीचको आपसी सहमतिमा निर्धारण हुन सक्नेछ । घना बस्ती र मुख्य सडकका क्षेत्रमा साझेदार निकाय र ग्राहकबीच फोहोर उत्सर्जनको अवस्था हेरि आपसी सहमतिबाट रेट निर्धारण हुनसक्नेछ ।

(२) अस्पतालजन्य (हानिकारक) फोहरमैला अस्पताल आफैले व्यवस्थापन गर्नुपर्नेछ। तर निर्मलीकरण गरेको फोहरमैला भएमा उत्सर्जनको मात्रा अनुसार आपसी सहमतिमा दररेट निर्धारण गरिनेछ ।

(३) ग्रामीण क्षेत्रमा फोहोर संकलन कार्य वडा कार्यालयको समन्वयमा साझेदार निकायले गर्नेछ ।

(४) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि रेट निर्धारणको हकमा नगरकार्यपालिकाको निर्णय अन्तिम हुनेछ ।

परिच्छेद -४
सरसफाई तथा फाहोरमैला सम्बन्धी कसुर र सजाय

१३. **सरसफाई तथा फोहोरमैला व्यवस्थापन सम्बन्धी कसूर गरेको मानिने:** (१) कुनै पनि व्यक्ति वा संस्थाले देहायका कार्य गरेमा सरसफाई तथा फोहोरमैला व्यवस्थापन सम्बन्धी कसूर गरेको मानिनेछ ।

(क) नगरपालिकाले तोकिदिएको समय र स्थान बाहेक अन्यत्र फोहरमैला निष्काशन गरेमा,

(ख) कण्टेनर वा फोहरमैला सङ्कलन केन्द्रमा राखिएका फोहरमैला अनधिकृत तवरले प्रयोग गरेमा,

(ग) फोहरमैला सङ्कलन केन्द्रमा राखिएका कण्टेनर तोडफोड गर्ने, क्षति पुर्‍याउने, राखिएको स्थानबाट हटाउन वा सङ्कलन केन्द्रमा कुनै नोक्सानी पुर्‍याउने,

(घ) अनुमति नलिई फोहरमैला व्यवस्थापनका कार्य गर्ने,

(ङ) फोहरमैला व्यवस्थापनका लागि प्रदान गरिएका अनुमतिपत्रमा उल्लिखित शर्तहरु उल्लङ्घन गर्ने,

(च) फोहरमैला सङ्कलन केन्द्र, कण्टेनर वा फोहरमैला थुपार्ने ठाउँमा कुनै पनि किसिमका हानिकारक पदाथ फाल्ने, राखे वा थुपार्ने,

जीवन खत्री
नगर प्रमुख

(छ) घर, कम्पाउण्ड तथा परिसरका फोहरमैला सडक वा अन्य सार्वजनिक स्थानमा राख्ने, फाल्ने वा थुपार्ने,

(ज) फोहरबाट निस्केका दूषित पानी (लिचेट) वा ढल चुहाई अन्य व्यक्तिको घर वा जग्गा प्रदूषित गराउने,

(झ) सडक वा अन्य सार्वजनिक स्थानमा सरसफाई तथा फोहरमैला सङ्कलन गर्न नगरपालिकाले तोकको समय वा सफाई गर्दाका समयमा त्यस्ता ठाउँमा कुनै पनि किसिमका सवारी साधन बिसाउन वा बिसाइराखेका सवारी साधन हटाउन इन्कार गर्ने,

(ञ) नगरपालिकाले तोकेका ठाउँमा बाहेक जनस्वास्थ्यमा प्रतिकूल असर पर्ने गरीसडक वा अन्य सार्वजनिक स्थानमा कुनै पनि किसिमको हानिकारक फोहरमैला राख्ने, फाल्ने, थुपार्ने वा निष्काशन गर्ने,

(ट) रासायनिक फोहरमैला, औद्योगिक फोहरमैला, स्वास्थ्य संस्थाजन्य फोहरमैला वा हानिकारक फोहरमैला जथाभावी फाल्ने, राख्ने वा निष्काशन गर्ने वा गराउने,

(ठ) औद्योगिक प्रतिष्ठान वा स्वास्थ्य संस्थाले उद्योग वा स्वास्थ्य संस्थाबाट निस्कने हानिकारक फोहरमैला जथाभावी फाल्ने, राख्ने वा निष्काशन गर्ने वा गराउने,

(ड) फोहरमैला सङ्कलन, ढुवानी तथा फाहरमैला व्यवस्थापनमा बाधा अवरोध सिर्जना गर्ने,

(ढ) फोहरमैला सङ्कलन, ढुवानी तथा अन्तिम निष्काशन स्थलमा अवरोध, बन्द, घेराउ गर्ने वा फोहरमैला व्यवस्थापन सम्बन्धी कार्यमा हडताल गर्ने,

(ण) फोहरमैला अत्याधिक उत्पादन हुने वस्तु भनी नेपाल सरकारले नेपाल राजपत्रमासूचना प्रकाशन गरी प्रतिबन्ध लगाएको कुनै वस्तुको उत्पादन तथा बिक्रीवितरण गर्ने,

(त) प्रचलित कानुन विपरीत रासायनिक विषादीको आयात गर्न वा म्याद नाघेका (समयावधि सकिएको) औषधि नष्ट गर्ने जिम्मेवारी पूरा नगर्ने,

(थ) स्रोत मै फोहरमैलाका पृथकीकरण नगरी फोहरमैला मिसाए र निष्काशन गर्ने,

(द) मरेका वा मारेका पशुपंक्षी र सोको लादी, प्वाँख, हड्डी तथा माछाका कत्ला आदिसार्वजनिक स्थल, सडक, गल्ली, चोकमा राख्ने, फाल्ने वा थुपार्ने ।

१४. <u>दफा १२ को कसूरमा हुने सजाय सम्बन्धी व्यवस्था:</u> (१) खण्ड (क) बमोजिमको कसूर गर्ने व्यक्तिलाई नगरपालिकाले पहिलो पटक भए पाँच हजार रुपैयाँसम्म जरिबाना, दोस्रो पटक सोही कसूर गरेमा पाँच हजार रुपैयाँदेखि दश हजार रुपैयाँसम्म जरिबाना र सोही कसूर तेस्रो वा सोभन्दा बढी पटक गरेमा प्रत्येक पटकका लागि पन्ध हजार रुपैयाँका दरले जरिबाना गरी फोहरमैला उठाउदा लाग्ने खर्च समेत निजबाट असूल उपर गर्न सक्नेछ ।

जीवन खत्री
नगर प्रमुख

(२) खण्ड (ख) र (झ) बमोजिमको कसूर गर्नेलाईनगरपालिकाले पाँच सय रुपैयाँदेखि पाँच हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।

(३) खण्ड (ग) बमोजिमको कसूर गर्नेलाईनगरपालिकाले पन्ध्र हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिबाना गरी कण्टेनर वा सङ्कलन केन्द्र व्यवस्थापन गर्न लाग्ने खर्च असूल उपर गर्न सक्नेछ ।

(४) खण्ड (घ) र (ङ) बमोजिमको कसूर गर्नेलाईनगरपालिकाले पन्ध्र हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिबाना गरी अनुमति नलिएसम्म त्यस्ता कार्य गर्न रोक लगाउनेछ।

(५) खण्ड (च) बमोजिमको कसूर गर्नेलाईनगरपालिकाले पाँच हजार रुपैयाँदेखि पन्ध्र हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ र त्यस्ता वस्तु वा पदार्थबाट कुनै क्षति भइसकेका भए त्यस्ता क्षति बापतका रकम समेत कसूरदारबाट असूल उपर गर्न सक्नेछ ।

(६) खण्ड (छ), (ज) र (द) बमोजिमको कसूर गर्नेलाईनगरपालिकाले पाँच हजार रुपैयाँदेखि पन्ध्र हजार रुपैयाँसम्म जरिबाना गन सक्नेछ ।

(७) खण्ड (ञ) बमोजिमको कसूर गर्नेलाईनगरपालिकाले तीसहजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।

(८) खण्ड (ट), (ठ) र (त) बमोजिमको कसूर गर्नेलाईनगरपालिकाले पचास हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ र सोही कसूर पुनः गरेमा पहिला पटक गरेका जरिबानाको दोब्बर जरिबाना गरी प्रचलित कानून बमोजिम अनुमति रद्द गर्नका लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ ।

(९) खण्ड (ड) र (ढ) बमोजिमको कसूर गर्नेलाईनगरपालिकाले दश हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(१०) खण्ड (ण) बमोजिमको कसूर गर्नेलाई नगरपालिकाले पाँच हजार रुपैयाँदेखि दश हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।

(११) खण्ड (थ) बमोजिमको कसूर गर्नेलाई सम्बन्धित नगरपालिकाले प्रत्येक पटक पाँच सय रुपैया जरिबाना गर्न सक्नेछ ।

१५. <u>सेवा सुविधा रोक्का गर्न सकिने :</u> (१) तोकिएको सेवा शुल्कनबुझाउने वा बुझाउन अटेर गर्ने व्यक्तिको नगरपालिकाले उपलब्ध गराउने कुनै सेवा सुविधाका अतिरिक्त विद्युत तथा टेलिफोन सेवा रोक्का गरिदिन तथा निजको नामका घर जग्गा हकहस्तान्नतरण बिक्री रोक्का गर्नको लागि नगरपालिकाले सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ ।

जीवन खत्री
नगर प्रमुख

(२) दफा (१) मा जुन सुकै कुरा लेखिएको भएता पनि त्यसरी लेखी पठाउनु अघि सम्बन्धित व्यक्तिलाई सो सम्बन्धमा लिखित रुपमा जानकारी दिई सफाईको मौका दिनु पर्नेछ।

(३) दफा (१) बमोजिम लेखि पठाईएमा सो बमोजिम त्यस्ता सेवा सुविधा रोक्न सम्बन्धित निकायको कर्तव्य हुनेछ ।

परिच्छेद -५
विविध

१६. बाधा अड्काउ फुकाउने अधिकार : यस कार्यविधि अनुसार कार्यन्वयनको सिलसिलामा कुनै वाधा अड्काउ परेमा सो को व्याख्या गरी फुकाउने अधिकार नगर कार्यपालिकालाई हुनेछ ।

१७. खारेजी र बचाऊ : (१) चाँगुनारायण नगरपालिकाको सरसफाई तथा फोहरमैला व्यवस्थापन कार्यविधि २०७५ खारेज गरिएको छ ।

(२) चाँगुनारायण नगरपालिकाको सरसफाई तथा फोहरमैला व्यवस्थापन कार्यविधि २०७५ बमोजिम भए गरेका काम कारवाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

जीवन खत्री
नगर प्रमुख

अनुसूची-१

दफा ११ को उपदफा (१) संग सम्बन्धित

मासिक शुल्क विवरण

सि.नं.	फोहर संकलन विवरण	शुल्क (रु)
१	आवासिय क्षेत्रका घरधुरी हप्तामा २ दिन (एक परिवार प्रति महिना) घर भाडामा भए प्रति परिवार रु. ५० थप	२००
२	व्यवसायिक पसल कवल १ दिन बिराएर प्रति पसल प्रति महिना	३००
३	बैकहरु प्रति महिना (१ दिन बिराएर)	५००
४	संघसंस्थाहरु प्रति महिना (१ दिन बिराएर)	२००
५	सरकारी कार्यालयहरु प्रति महिना (१ दिन बिराएर)	निशुल्क
६	चियानास्ता पसल प्रति महिना (१ दिन बिराएर)	३००
७	खाना खाजा होटल प्रति महिना (१ दिन बिराएर)	३००
८	होटल तथा गेष्ट हाउस प्रति महिना (१ दिन बिराएर)	३००० देखि ५०००।
९	तारे होटलहरु प्रति महिना (१ दिन बिराएर)	१०,००० देखि माथि
१०	माछा मासु पसल प्रति महिना (१ दिन बिराएर) -- सानो	३००।
११	माछा मासु पसल प्रति महिना (१ दिन बिराएर) - मझौला	५००
१२	माछा मासु पसल प्रति महिना (१ दिन बिराएर) - ठुलो	७००
१३	व्यवसायिक मलहरु, होटल बाहेकका सटरहरु प्रति महिना (१ दिन बिराएर)	२०० थप १००
१४	ग्यारेज प्रति महिना (१ दिन बिराएर)	२००
१५	मोटर पार्टस पसल प्रति महिना (१ दिन बिराएर)	५००
१६	निजि शैक्षिक संस्थाहरु प्रति महिना (१ दिन बिराएर)	५००
१७	सरकारी शैक्षिक संस्थाहरु प्रति महिना (१ दिन बिराएर)	निशुल्क
१८	तरकारी तथा फलफल होल्सेल पसल प्रति महिना (१ दिन बिराएर)	५००
१९	तरकारी तथा फलफल खुद्रा पसल प्रति महिना (१ दिन बिराएर)	५००
२०	हार्डवेयर पसल प्रति महिना (१ दिन बिराएर)	५००
२१	पार्टी प्यालेस मासिक प्रति महिना (१ दिन बिराएर)	५००
२२	पोलिक्निक मेडिकल प्रति महिना (१ दिन बिराएर)	५००
२३	निजि अस्पताल प्रति महिना (१ दिन बिराएर)	आपसी समझदारी
२४	उद्योग कलकारखाना साना मझौला प्रति महिना (१ दिन बिराएर)	७५०
२५	उद्योग कलकारखाना ठूला प्रति महिना (१ दिन बिराएर)	१०००
२६	ह्याचरी कुखुरा फार्म प्रति महिना (१ दिन बिराएर)	आपसी समझदारी
२७	तरकारी फार्म प्रति महिना (१ दिन बिराएर)	५००
२८	कृषि फार्म प्रति महिना (१ दिन बिराएर)	५००
२९	डेरी प्रति महिना (१ दिन बिराएर)	२,५००
३०	औषधि कारखाना प्रति महिना (१ दिन बिराएर)	३,०००

जीवन खत्री
नगर प्रमुख

३१	प्लाई उद्योग प्रति महिना (१ दिन बिराएर)	१,५००
३२	फर्निचर प्रति महिना (१ दिन बिराएर)	आपसी समझदारी
३३	ईट्टा उद्योग प्रति महिना (१ दिन बिराएर)	२,०००
३४	पानी उद्योग प्रति महिना (१ दिन बिराएर)	१,५००
३५	गार्मेन्ट उद्योग सानो प्रति महिना (१ दिन बिराएर)	५००
३६	गार्मेन्ट उद्योग ठूलो प्रति महिना (१ दिन बिराएर)	१,०००
३७	साना मझौला उद्योग प्रति महिना (१ दिन बिराएर)	५००
३८	पुल हाउस प्रति महिना (१ दिन बिराएर)	३००
३९	सैलुन ब्युटिपार्लर प्रति महिना (१ दिन बिराएर)	३००
४०	कस्मेटिक पत्रिका कपडा पसल प्रति महिना (१ दिन बिराएर)	३००
४१	नगर क्षेत्र भित्रको प्रमुख सार्वजनिक स्थलहरु र मठ मन्दिरहरु प्रति महिना (१ दिन बिराएर)	निशुल्क
४२	नगर क्षेत्र भित्रको सरकारी स्वास्थ्य संस्थाहरु (१ दिन बिराएर) (हानिकारक फोहोरमैला बाहेक)	निशुल्क
४३	नगरपालिका र वडा कार्यालयहरु (१ दिन बिराएर)	निशुल्क

- माथि उल्लेख गर्न छुट भएका अन्य कुनै प्राकृतिको व्यवसाय भएमा सोको हकमा फोहोरमैलाको मात्राको आधारमा आपसि सहमतिमा दररेट निर्धारण गरिनेछ ।.
- निर्मलिकरण गरेको अस्पतालजन्य फौहोरमैला व्यवस्थापन गर्नुपर्ने भएमा आपसि सहमतिमा दररेट निर्धारण गरिनेछ ।

जीवन खत्री
नगर प्रमुख

अनुसूची-२

दफा ६ को संस्था छनौटको लागि प्राविधिक प्रस्ताव मूल्याङ्कनका आधारहरु

प्राविधिक प्रस्ताव मूल्याँकनको आधारहरु				
क्र.सं.	विवरण		संख्या	अंक
	मानव श्रोत (२५)	वातावरण ईन्जिनियर	१	५
		लेखापाल	१	२
		हेभी सवारी चालक	२	५
		हलुका सवारी चालक	३	४
		लेवर	२५	५
		सामाजिक परिचालक	३	३
		अपरेटर	१	२
	उपकरण (२५)	ब्याकहो डोजर	१	४
		हेभी टिपर	२	४
		मझोला टिपर	३	४
		साना ट्रक	५	४
		ट्रयाक्टर/पिकअप भ्यान	३	४
		रिक्सा	१०	५
	फोहोर संकलन केन्द्र (२५)	सम्बिन्धत स्थानीय तह भित्र	स्थानीय तह भित्र	२५
		सम्बन्धित जिल्ला भित्र	जिल्ला भित्र	२०
		जिल्ला बाहिर	जिल्ला बाहिर	१०
	प्रविधि (२५)	फोहोरमैला बर्गिकरण मात्र गर्ने		५
		ल्याण्डफिल्डमा डम्पिङ्ग गर्न पठाउने		१०
		फोहोरमैला नष्ट मात्र गर्ने		१५
		नवीनत्तम प्रविधि प्रयोग गरी फोहोरमैला नष्ट गर्ने र पुनर्प्रयोग योग्य वनाउने मेशिन उपकरण भएमा		२५

जीवन खत्री
नगर प्रमुख